# व्यवसायिक कृषि उत्पादन केन्द्र (व्लक) विकास कार्यक्रम संचालन कार्यविधि -२०७३

नेपाल सरकार

कृषि विकास मन्त्रालय

**प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना**

## व्यवसायिक कृषि उत्पादन केन्द्र (ब्लक) विकास कार्यक्रम संचालन कार्यविधि -२०७३

### खण्ड १. पृष्ठभूमि

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तरगतका ४ वटा सम्भागहरुमध्ये दोश्रो सम्भागको रुपमा रहेको **व्यवसायिक कृषि उत्पादन केन्द्र (ब्लक) विकास कार्यक्रम**को प्रभावकारी कार्यान्वयनका सन्दर्भमा परियोजनाको दस्तावेजमा उल्लेख भएको व्यवस्था बमोजिम नेपाल सरकारले **व्यवसायिक कृषि उत्पादन केन्द्र (ब्लक) विकास कार्यक्रमसंचालन कार्यविधि -२०७३** तयार गरी लागु गरेको छ ।

### खण्ड २. संक्षिप्त नाम, प्रारम्भर परिभाषा

२.१ यस कार्यविधिको नाम **व्यवसायिक कृषि उत्पादन केन्द्र (ब्लक) विकास कार्यक्रमसंचालन कार्यविधि -२०७३** रहेको छ ।

२.२ यो कार्यविधी नेपाल सरकारवाट स्वीकृत भएको मितिवाट लागु हुनेछ ।

२.३विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "परियोजना" भन्नाले प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना सम्झनु पर्दछ ।

(ख) "ब्लक " भन्नाले राष्ट्रिय प्राथमिकता र स्थानिय सम्भाव्यताका आधारमा तोकिएको पूर्वाधारहरु भएको र तोकिएको बाली/वस्तुमा न्यूनतम १०० हेक्टरमा संचालन भएको वा मौरीको हकमा न्यूनतम ५००० घार रहने वा कन्ये/गोब्रे च्याउको हकमा न्यूनतम १०००० केजी बीउ उपयोग हुने वा सिताके च्याउको हकमा न्यूनतम १लाख मुढामा गरिने वा ट्राउट माछाको हकमा कम्तिमा १५००० वर्ग मी क्षेत्रफलको जलाशय भएको वा पोखरीमा गरिने माछापालनको हकमा न्यूनतम ६० हेक्टर जलाशय क्षेत्रफलमा फैलिएको वा प्लाष्टिक घरमा गरिने खेतीको हकमा न्यूनतम १० हेक्टर क्षेत्रफलमा फैलिएको प्लाष्टिक घरहरु रहने व्यवसायिक कृषि उत्पादन केन्द्र सम्झनु पर्दछ ।

(ग) "समिति" भन्नाले सम्वन्धित ब्लक संचालक समिति सम्झनु पर्दछ ।

(घ) "पोष्ट हार्भेष्ट सेन्टर " भन्नाले भन्नाले कृषि व्यवसायीकरणका लागि सम्वन्धित सञ्चालक समिति वा ब्लक भित्र अन्य निकायले संचालन गर्ने प्रशोधन केन्द्र, गोदाम घर, ग्रेडिंग, प्याकेजिंग तथा संकलन केन्द्र लगायतका उत्पादनोपरान्त आवश्यक पूर्वधारहरु सहितको सेवा सम्झनु पर्दछ ।

(ङ) "कस्टम हायरिंग सेन्टर " भन्नाले यान्त्रीकरण प्रबर्द्धनका सन्दर्भमा सम्बन्धित सन्चालक समिति वा व्लक भित्र अन्य निकायले संचालन गर्ने सम्वन्धित बाली/वस्तुका लागि उत्पादनदेखि भण्डारणसम्म आवश्यक पर्ने सवै प्रकारका मेशिनरी औजार उपकरणको सेट सहितको सेवा सम्झनु पर्दछ ।

(च) "व्यवस्थापक" भन्नाले सम्वन्धित व्लकव्यवस्थापक सम्झनु पर्दछ ।

(छ) "कार्यदल" भन्नाले यसै कार्यविधिको दफा ४.३ बमोजिमको कार्यदल सम्झनु पर्दछ।

(ज) "व्यवसायिक खेती" भन्नाले कम्तिमा देहाय वमोजिमको खेती गरेको सम्झनु पर्दछ ।

| वाली | क्षेत्रफल | | | |
|---|---|---|---|---|
| | उच्च पहाड | मध्य पहाड | तराई | कैफियत |
| खाद्यान्न वाली | ५ रोपनी | ५ रोपनी | १० कठ्ठा | |
| तरकारी वाली | २ रोपनी | ३ रोपनी | १० कठ्ठा | |
| माछा | १०० वर्ग मिटर | २ रोपनी | ६ कठ्ठा | जलाशाय |
| मौरी | १० | २० | २० | आधुनिक घार |
| कन्य र गोब्रे च्याउ | | १० के.जी. | १० के.जी. | वीउको प्रयोग |
| सिताके च्याउ | ५०० मुढा | ५०० मुढा | ५०० मुढा | |
| फलफुल | १ रोपनी | १ रोपनी | ५ कठ्ठा | |
| अलैची | ५ रोपनी | ५ रोपनी | - | |
| अदुवा/वेसार | १ रोपनी | २ रोपनी | ५ कठ्ठा | |
| ट्राउट माछा | १०० वर्ग मिटर | १०० वर्ग मिटर | | |
| प्लाष्टिक घर | ३०० वर्ग मिटर | ३०० वर्ग मिटर | ३०० वर्ग मिटर | |

## खण्ड ३. उदेश्य

कृषि क्षेत्रको आधुनिकीकरणमा योगदान पुर्याउने व्यवसायिक कृषि उत्पादन केन्द्र (ब्लक)हरु विकास तथा रोजगारी प्रवर्द्धन मार्फत कृषकहरुको आम्दनी वृद्धी गर्न

(क) व्लकमा समावेश गरिएका बाली/वस्तुको उत्पादन तथा उत्पादकत्व वृद्धि गर्नु,

(ख)व्लक क्षेत्रमा कृषि यान्त्रिकरण, कृषि पूर्वाधार विकास तथा व्यवसायीकरण प्रवर्द्धन गर्नु,

(ग) ब्लक तथा आसपासका क्षेत्रहरुमा रोजगारी सृजना गर्नु

## खण्ड ४. ब्लक निर्माणप्रक्रिया

४.१ ब्लक क्षेत्र निर्माणका लागि देहायका सेवा/सुविधा/पूर्वाधारहरु भएको हुनुपर्नेछ :

क) सडकको पहुँच भएको वा हुनसक्ने

ख) सिंचाईको उपलब्धता भएको वा हुनसक्ने

ग) विद्युतको उपलब्धता भएको वा हुनसक्ने

घ) तोकिएको क्षेत्रफल चक्लाबन्दी भएको/हुनसक्ने वा एउटै कोरिडोरमा रहेको

ङ) वित्तीय संस्थाहरुको पहुँच भएकोवा हुन सक्ने

च) कृषि सेवा केन्द्रसँगको पहुँच

४.२ यस परियोजना अन्तरगत प्रथम वर्ष अर्थात आ.व २०७३/७४ का लागि माथि उल्लेखित पूर्वाधार सहितको ७५ वटै जिल्लाहरुका तोकिएको क्षेत्रमातोकिएका बाली/वस्तुका कुल १५०ब्लकहरु संचालनमा रहनेछन् । परियोजना अवधिमा सम्भाव्यताका आधारमा १५०० यस्ता ब्लकहरु मुलुकभरमा निर्माण गरिनेछन् । थप ब्लकहरु सम्वन्धी निर्णय सम्बन्धित जिल्ला कृषि विकास कार्यालयको सिफारिसमा परियोजना कार्यान्वयन समितिले गर्नेछ ।

४.३ ब्लक निर्माण गर्दा भौगोलिक तथा प्राविधिक सम्भाव्यताका आधारमा प्रत्येक जिल्लाको तोकिएको क्षेत्रमा तोकिएका बाली/वस्तुका ब्लकहरु निर्माण गर्न चाहने कृषक समुह, कानुन बमोजिम दर्ता भएका कृषि उद्यम, फर्म, कृषि कार्यमा संलग्न सहकारी, जल उपभोक्ता समितिहरुको सूची तयार गरिनेछ । सूचीकृतहरुमध्येबाट आवश्यक संख्यामा ब्लक छनौटका लागि जिल्लास्तरमा वरिष्ठ कृषि विकास अधिकृतले तोकेको अधिकृतकोसंयोजकत्वमा आवश्यकतानुसार सदस्यहरु रहने एक प्राविधिक कार्यदल बनाइनेछ ।उक्त कार्यदलले तोकेका सूचकहरु र स्थलगत प्रमाणिकरण समेतका आधारमा सिफारिश गरे अनुरुप ब्लक क्षेत्रको छनौट सम्वन्धित जिल्ला कृषि विकास कार्यालयले गर्नेछ ।ब्लक निर्माण गर्दा तोकिएको क्षेत्रमा तोकिएको क्षेत्रफल नपुगेमा सम्भाव्य आसपासको क्षेत्र समेत समावेश गर्न सकिनेछ । यसरी ब्लक क्षेत्र संचालन गर्न छानिएका कृषक समुह, कानुन बमोजिम दर्ता भएका कृषि उद्यमी, फर्म, कृषि कार्यमा संलग्न सहकारी, जल उपभोक्ता समितिहरु रहने दफा ५.१ अनुसारको ब्लक संचालक समिति र सम्वन्धित जिल्ला कृषि विकास कार्यालयका बीच तोकिएका कार्यक्रमहरु संचालनका लागि एक सम्झौता हुनेछ । संचालन गरिने कार्यक्रमका सम्बन्धमा सम्बन्धित सेवा केन्द्रको समन्वयमा सम्बन्धित ब्लक संचालक समितिले सम्बन्धित ब्लक क्षेत्रका कृषक/कृषक समूह/सहकारी/जलउपभोक्ता समिती/कृषी उद्यमीहरुको मागमा आधारित कार्यक्रमहरुको प्रस्तावना तयार गरी सोही वमोजिम सम्झौता गरिनेछ ।यसरी सम्झौता गर्दा वाली विमाको प्रस्तावना सहित पेश गर्न प्रोत्साहित गरिने छ।

## खण्ड ५. ब्लक संचालन प्रक्रिया

५.१ ब्लक संचालनका सम्वन्धमा सम्वन्धित जिल्ला कृषि बिकास कार्यालयसंग भएको सम्झौता बमोजिमका कार्यहरु संचालन गर्ने सम्वन्धमा खण्ड ४ वमोजिम स्थापना भएको ब्लक क्षेत्रको व्यवस्थापनका लागि सम्वन्धित कृषक समुह, कानुन बमोजिम दर्ता भएका कृषि उद्यमी/फर्म, कृषि कार्यमा संलग्न सहकारी, जल उपभोक्ता समितिहरुको प्रतिनिधित्व रहने गरी कम्तिमा ३३ प्रतिशत महिला सहितको ९ सदस्यीय ब्लक संचालक समिति गठन गरिनेछ । यसको लागि ब्लक क्षेत्र छनौट भएपछी ब्लक भित्र रहेका कृषक समूह/सहकारी/कृषी उद्यमी/जल उपभोक्ता समितिहरुलाई पछी ब्लक संचालक समिति गठनको लागि ७ दिनको म्याद सहित पत्राचार मार्फत वा अन्य स्थानीय संचार माध्यम मार्फत आव्हान गरिनेछ । कार्यदलको शिफारिस अनुसार एक भन्दा बढी आवेदकहरुलाई संयुक्त रुपमा समिति गठनको लागि समेत अनुरोध गर्न सकिने छ । तोकिएको अवधिमा समिति गठन भई नआएमा जि.कृ.वि.का.ले सहजिकरण गरी १५ दिन भित्र समिति निर्माण गर्न सक्नेछ ।समितिको सदस्यरु सम्बन्धित बाली/वस्तुको व्यवसायिक खेतीमा अनिवार्य संलग्न भएको हुनुपर्नेछ । उक्त समितिमा संयोजक, उपसंयोजक, सचिव र सहसचिव एक-एक जना र बाँकी ५ जना सदस्य रहनेछन् । ब्लक संचालक समितिको प्रमुख कार्यकारी पदहरुमा कम्तिमा १ जना महिला हुनु पर्नेछ । कृषि विकास रणनीति (ADS)ले परिकल्पना गरे वमोजिमको सामूदायिक कृषि प्रसार सेवा केन्द्र (CAESC)प्रमुख वा उक्त सेवा केन्द्र गठन नहुन्जेल सम्मका लागि सम्बन्धित कृषि सेवाकेन्द्र प्रमुख समितिको पदेन सदस्यको रुपमा रहनेछ । कुनै ब्लक १ भन्दा बढी सेवा केन्द्र अन्तरगत रहन गएको अवस्थामा जुन सेवा केन्द्र अन्तरगत ब्लकको बढी क्षेत्रफल पर्न आउँछ सोही सेवा केन्द्रको प्रमुख समितिको पदेन सदस्यको रुपमा रहने छ ।नेपाल सरकारको श्रोतवाट संचालन गरिने कार्यक्रमको प्रस्तावना तयार गर्दा र कार्य सम्पन्न प्रतिवेदन पेश गर्दा निजको सहमती अनिवार्य रहनेछ । संविधानको भावना अनुरुप स्थानीय तह गठन भैसकेपछी यस परियोजना अन्तर्गतका कार्यक्रमहरु स्थानीय निकायमा हस्तान्तरण गर्ने भन्ने समेत परियोजना दस्तावेजमा उल्लेख भएको सन्दर्भमा सम्बन्धित स्थानीय तहका प्रमुख उक्त समितिको आमन्त्रित सदस्यको रुपमा रहनेछन् । ब्लक क्षेत्रमा रहने कृषि प्राविधिकहरु र स्थानीयस्तरको सम्बन्धित सरोकारवाला निकायहरुको प्रतिनिधी समितिको सल्लाहाकारका रुपमा रहने छन् ।तोकिएको क्षेत्रफलको व्यवस्थापन गरि कृषि उद्यमी, फर्म एक्लैले संचालन गर्ने ब्लक क्षेत्रको हकमा भने त्यस्तो कृषि

उद्यमी स्वयंले नै ब्लक सन्चालक समितिको भूमिका निर्वाह गर्नेछ ।यस्तो अवस्थामा कृषि सेवा केन्द्र प्रमुख उक्त सञ्चालक समितिको सल्लाहकारको रुपमा रहने छ र नेपाल सरकारको श्रोतवाट संचालन गरिने कार्यक्रमको प्रस्तावना तयार गर्दा र कार्य सम्पन्न प्रतिवेदन पेश गर्दा निजको सहमती अनिवार्य रहनेछ ।

५.२ व्लकसंचालक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ

क) तोकिएका आधारहरुमा व्लक व्यवस्थापक नियुक्त गर्ने

ख) ब्लक व्यवस्थापकको काम, कर्तव्य र अधिकार निर्धारण गर्ने

ग) व्लक कार्यक्रम संचालन गर्नका लागि आवश्यक उत्पादन सामग्री र सो को परिमाण आंकलन गर्ने, उत्पादन योजना तयार गर्ने, आवश्यक उत्पादन र अन्य सामग्रीको श्रोत व्यवस्थापन गर्ने ।

घ) व्लकमा निर्माण हुने पुर्वाधार विकास सम्वन्धी कार्यका लागि जिल्ला कृषि विकास कार्यालयसंग आवश्यक समन्वय गर्ने ।

ङ) व्लक संचालनका लागि जिल्ला कृषि विकास कार्यालय र अन्य सरोकारवाला निकायहरुसंग आवश्यक समन्वय गर्ने ।

च) व्लकलाइ व्यवस्थित रुपमा संचालनका लागि आधार तयार गर्ने, संलग्नकृषक समुह, कानुन बमोजिम दर्ता भएका कृषि उद्यम, फर्म, कृषि कार्यमा संलग्न सहकारी, जल उपभोक्ता समिति लगायतसंग निरन्तर सम्वाद र सहकार्य गर्ने।

छ) संचालक समितिको बैठक कम्तिमा महिनाको १ पटक अनिवार्य रुपमा र आवश्यकतानुसार अन्य समयमा बस्नेछ । बैठकमा समिति बाहिरका प्रतिनिधिलाइ आमन्त्रित गर्न सकिनेछ ।

ज) ब्लक संचालन सम्बन्धि आन्तरिक आचारसंहिता (code of conduct) आवश्यक भएमा तयार गरी पालना गर्ने गराउने ।

झ) कार्यक्रम संचालनको लागि समितिले विनियममा उल्लेख गरी आवश्यकता अनुसार उपसमिति गठन गर्न सक्नेछ ।

ञ) व्लक निर्माण, व्यवस्थापन, संचालन र अनुगमनका सन्दर्भमा अन्य सवै आवश्यक कार्यहरु गर्ने

ट) कार्यक्रमको दिगोपनाको लागि समितिको अवधी र समितिका पदाधिकारी तथा सदस्यहरुको पदावधी समितिले आवश्यकता अनुसार निर्धारण गर्नेछ । तर समितका पदाधिकारी र

सदस्यहरुको पदावधी२ बर्षभन्दा बढी हुने छैन । समितिले आवश्यक विनियम तयार गरी सोही वमोजिम समितका पदाधिकारी तथा सदस्यहरुको चयन गर्नेछ । समितिमा एकै परिवारवाट एक भन्दा बढी व्यक्ती रहन सक्ने छैन र एकै व्यक्ती लगातार एक कार्यकाल भन्दा बढी एकै पदमा रहन सक्ने छैन ।तर सदस्यको हकमा यो व्यवस्था लागु हुने छैन ।

ठ) समिति गठन भएको एक बर्ष भित्र उक्त समिति जिल्ला कृषि विकास कार्यालयमा निर्धारित प्रकृया अनुरुप दर्ता हुनु पर्नेछ । उक्त समितिको नियमित नविकरण गर्ने जिम्मेवारी समितिको हुनेछ ।

ड) ब्लक स्तरमा संचालन हुने सम्पूर्ण क्रियाकलाप र आर्थिक कारोवार प्रचलित कानुन वमोजिम व्यवस्थापन गर्ने तथा जिम्मेवारी वहन गर्ने ।

ढ) ब्लक क्षेत्रमा उत्पादित वस्तुको मूल्य निर्धारण, वजारिकरण, प्रशोधन लगायतका क्रियाकलापहरुको मापदण्ड निर्धारण गरी व्यवस्थित गर्ने ।

ण) समिति मार्फत सञ्चालन गरिने आर्थिक कारोवारहरुको लेखा व्यवस्थापन तथा लेखा परीक्षण प्रतिवेदन तयार गर्ने ।

त) ब्लक क्षेत्रमा आवश्यक अन्य व्यवस्थापकीय कार्यहरु गर्ने ।

५.३ व्लक व्यवस्थापक (Block Manager)को नियुक्ति, काम कर्तव्य र अधिकार

५.३.१ जिल्लामा संचालन हुने व्लक विकास कार्यक्रमको प्रभावकारी संचालन तथा आवश्यक समन्वयका लागि व्लक सन्चालक समितिले देहायको योग्यता भएको व्लक व्यवस्थापक नियुक्त गर्नेछ -

क) कृषि/अर्थशास्त्र/व्यवसायशास्त्र/वजार शास्त्र/मानविकी/व्यवस्थापन विषय लिई कम्तीमा प्रविणता प्रमाण पत्र तह वा सो सरहको शैक्षिक योग्यता भएको,

ख) कृषि उपज/वस्तुको व्यवसाय/वजार/उद्योग व्यवस्थापन कार्यमा न्यूनतम २ वर्ष अनुभव भएको,

ग) १८ बर्ष उमेर पुरा भएको

घ) समन्वय क्षमता उच्च रहेको,

ङ) कुनै राजनितिक दलको सांगठनिक पदमा (निर्वाचित पदाधिकारी) नरहेको

च) सरकारी वा कुनै संगठित संस्थाको वहालवाला कर्मचारी नरहेको

छ) नैतिक पतन, आर्थिक अपचलन वा कुनै फौजदारी अभियोगमा कसुरवार नठहरिएको

ज) मानसिक अवस्था सामान्य रहेको

५.३.२ व्लक व्यवस्थापकको काम, कर्तव्य, अधिकारर पदावधी व्लक संचालक समितिले तोके बमोजिम हुनेछ ।

५.३.३ व्लक व्यवस्थापको पारिश्रमिक व्लक सन्चालक समितिले निर्धारण गरे बमोजिम समितिवाटै भुक्तानी हुनेछ।

## खण्ड ६. संचालन गरिने कार्यक्रम/क्रियाकलाप

### ६.१ व्लकस्तरमा परियोजना अभिमुखीकरण

सम्वन्धित जिल्ला कृषि विकास कार्यालयले कृषक, कृषक समुह, कानुन बमोजिम दर्ता भएका कृषि उद्यमी, फर्म, कृषि कार्यमा संलग्न सहकारी, जल उपभोक्ता समिति, नीजि सेवा प्रदायक, कृषि उपज वजार व्यवस्थापन समिति लगायत अन्य सरोकारवाला निकायहरुको उपस्थितीमा परियोजना र व्लक संचालन सम्वन्धमा अभिमुखीकरण कार्यक्रम संचालन गर्नेछ ।

### ६.२ प्रविधि तथा प्राविधिक सहयोग

क) सम्वन्धित जिल्ला कृषि विकास कार्यालयले व्लक क्षेत्रमा सहभागितात्मक व्यवसायिक उत्पादन प्रविधि प्रदर्शन तथा स्थलगत तालिम कार्यक्रम संचालन गर्नेछ ।प्रत्येक व्लकमा सम्वन्धित बाली/वस्तुका कम्तिमातराइ तथा भित्री मधेशमा ०.५ हे र पहाड तथा हिमाली जिल्लामा ०.२५ हे मा सञ्चालन गरिनेछ ।मौरीका लागि २० घार कन्ये च्याउ र गोब्रे च्याउको लागि ५ केजी बीउ लाग्ने १ टहरा र सिताके च्याउकालगि कम्तिमा ५०० मुढा सहितको टहरा रहने गरी सचालन गरिनेछ भने प्लाष्टिक टनेलको हकमा १०० वर्ग मिटर क्षेत्रफलमा फैलिएको प्लाष्टिक टनेलमा, माछाको हकमा ६ कट्टा र ट्राउटको लागि २०० वर्ग मी को जलाशय युक्त क्षेत्रफलमासहभागितात्मक व्यवसायिक उत्पादन प्रविधि प्रदर्शन तथा सिकाई केन्द्र संचालन गरिनेछ । यस्ता केन्द्रहरु संभाव्यता र आवश्यकताका आधारमा ब्लक क्षेत्रको प्रत्येक गा.वि.स./न.पा./उ.म.न.पा./म.न.पा.को उपयुक्त स्थानमा कम्तिमा १/१ वटा रहने गरी सञ्चालन गर्न सकिनेछ । साथै प्रत्येक व्लकमा सम्वन्धित बाली/वस्तुको उत्पादन प्रविधि, बजारीकरण, मूल्य

श्रृंखला विकास लगायतका विविध पक्षहरु समेटिने गरि स्थलगत तालिम कार्यक्रम संचालन गरिनेछ ।यसका अलावा आवश्यकता अनुसार प्रविधी प्रसारणका कार्यक्रमहरु तर्जुमा गरी संचालन गर्न सकिनेछ ।

ख) सम्वन्धित जिल्ला कृषि विकास कार्यालयले सम्बन्धित क्षेत्रीय प्रयोगशालाहरुको समन्वयमा व्लक क्षेत्रमा एकिकृत माटो, वीउ र बाली संरक्षण सेवा उपलव्ध गराउन मोवाइल भ्यान मार्फत स्थलगत प्रयोगशाला सेवा संचालनमा ल्याउनेछ ।

## ६.३ उत्पादन सामग्री सहयोग

क) उत्पादन सामग्री विशेषगरि रासायनिक तथा प्रांगारिक मलमा हाल प्रचलित प्रावधान अनुरुप नै व्लक क्षेत्रका लागि आवश्यक परिमाण अनुदानमा उपलव्ध गराइनेछ ।

ख) सम्वन्धित व्लक संचालक समितिले रासायनिक तथा प्रांगारिक मल बिक्री वितरणका लागि सम्बन्धित जिल्ला आपूर्ती व्यवस्थापन समितिको निर्णय वमोजिम कृषि सामग्री कम्पनी लि. को डिलरशिप प्राप्त गर्नेछन् ।

ग) यसका साथैउन्नत तथा हाईब्रिड विउ विजन, विरुवा, रसायनिक एवं जैविक विषादीहरु तथा सुक्ष्म तत्व लगायतका अन्य उत्पादन सामग्रीहरुमा अनुदान सहयोग उपलव्ध गराइनेछ। यसरी वितरण गरिने उत्पादन सामाग्रीहरुमा नेपाल सरकारवाट स्वीकृत परियोजना दस्तावेजमा उल्लेख भए अनुरुपको बढीमा ५० प्रतिशत अनुदान उपलब्ध गराइने छ ।

## ६.४ कृषि यान्त्रीकरणका लागि Custom Hiring Center स्थापना

क) सम्वन्धित व्लकमा यान्त्रीकरण प्रबद्धनका लागि व्लकका बाली/वस्तुका लागि उत्पादनदेखि भण्डारणसम्म आवश्यक पर्ने सवै प्रकारका मेशिनरी औजार उपकरणको सेट खरिदमा परियोजना दस्तावेजमा उल्लेख भए वमोजिमको बढीमा ५० प्रतिशत पूंजीगत अनुदान उपलव्ध गराइनेछ ।

ख) सम्वन्धित व्लकका लागि आवश्यक मेशिनरी औजार उपकरणको सेटको विवरण र लागत इष्टिमेट आवश्यकता अनुसार कृषि इन्जिनियरिंग निर्देशनालयको सहयोग र सम्बन्धित कार्यक्रम

निर्देशनालय/सम्बन्धित वाली, वस्तुको राष्ट्रिय कार्यक्रम संगको समन्वयमा सम्वन्धित जिल्ला कृषि विकास कार्यालयले गर्नेछ ।

ग) यस्तो केन्द्र स्थापनाका लागि सम्वन्धित सन्चालक समिति वा सम्वन्धित कृषि उद्यमीले आवश्यक घर तथा जग्गा उपलव्ध गराउनु पर्नेछ । यस्तो जग्गा सम्बन्धित संचालक समितिको आफ्नै स्वामित्वमा नभएमा कम्तिमा १० बर्ष अवधिका लागी भाडामा लिएको हुनुपर्नेछ । जग्गा उपलब्ध हुन नसकेको अवस्थामा घर भाडामा लिएर समेत संचालन गर्न सकिनेछ ।

घ) सम्वन्धित संचालक समितिले उक्त मेशिनरी औजार उपकरणको सेट खरिद गरि Custom Hiring Centerसंचालन गर्न चाहेमा सोही समितिमार्फत वा सो समिति यस किसिमको सेवा उपलव्ध गराउन विभिन्न कारणले अनिच्छुक देखिएमा उक्त सेवा संचालन गर्न इच्छुक अन्य कृषक समुह/सहकारी/उपभोक्ता समूह/कृषिउद्यमी वा नीजि सेवा प्रदायकलाइ सम्वन्धित ब्लकलाइ प्राथमिकतामा राख्दै अन्य क्षेत्रमा समेत सहुलियत दरमा सो सेवा उपलव्ध गराउने शर्तमायस कार्यका लागि अनुदान उपलव्ध गराउन सकिनेछ ।

ङ) यस Centreसंचालन गरेवापतको पूंजीगत अनुदान सम्वन्धित ब्लक संचालक समिति वा उपरोक्तानुसार सो सेवा संचालन गर्ने कृषक समुह, कानुन बमोजिम दर्ता भएका कृषि उद्यम, फर्म, कृषि कार्यमा संलग्न सहकारी, जल उपभोक्ता समितिवा नीजि सेवा प्रदायकको बैंक खातामा प्रचलित आर्थिक ऐन नियम वमोजिम उपलव्ध गराइनेछ ।

च) यसरी **Custom Hiring Center** स्थापना तथा सञ्चालन गर्न चाहने निकाय/संस्थार सम्बन्धित जिल्ला कृषि विकास कार्यालयहरुविच सम्झौता गरी सोही वमोजिम कार्यान्वयन गरिने छ ।

छ) यसरी स्थापना हुने **Custom Hiring Center**हरुले सम्बन्धित ब्लकमा आवद्ध कृषकहरुका अलावा आसपासका क्षेत्रका कृषकहरुलाई समेत सम्झौतामा उल्लेख भएको शर्त वमोजिम सेवा प्रवाह गर्नुपर्नेछ ।

**६.५ पोष्ट हार्भेष्ट सेन्टर स्थापना**

क) सम्वन्धित ब्लकमा व्यवसायीकरणका लागि प्राथमिक प्रशोधन केन्द्र, गोदाम घर, ग्रेडिंग,प्रि-कुलिङ, तौलाई, प्याकेजिङ, लेवलिङ, ढुवानी, प्रदर्शन तथा विक्री कक्ष/स्टल लगायतका उत्पादनोपरान्त उपज व्यवस्थापन/ह्याण्डलिङ तथा वजार व्यवस्थापन सम्बन्धी आवश्यक

पूर्वधारहरु र साना ढुवानी साधन (ट्र्याक्टर, सिंगल क्याविनको जिप, पिकअप आदि) समेत रहेको एक पोष्ट हार्भेष्ट सेन्टर निर्माण गरिनेछ ।यसका लागि परियोजना दस्तावेजमा उल्लेख भए वमोजिम बढीमा ८५ प्रतिशत पूंजीगत अनुदान उपलव्ध गराइनेछ ।

ख) यस्तो केन्द्र स्थापनाका लागि सम्वन्धित सन्चालक समिति वा सम्वन्धित कृषक उद्यमीले आवश्यक घर तथा जग्गा उपलव्ध गराउनु पर्नेछ । जग्गा भाडामा लिनुपर्ने अवस्थामा कम्तिमा १० बर्षको सम्झौता गरेको हुनुपर्नेछ । जग्गा उपलब्ध हुन नसकेको अवस्थामा घर भाडामा लिएर समेत संचालन गर्न सकिनेछ ।

ग) सम्वन्धित व्लकका लागि आवश्यक पोष्ट हार्भेष्ट सेन्टरको विस्तृत डिजाइन र लागत इष्टिमेट आवश्यकता अनुसार कृषि इन्जिनियरिंग निर्देशनालयको सहयोग र सम्बन्धित कार्यक्रम निर्देशनालय, वाली/वस्तका राष्ट्रिय कार्यक्रम, कृषि व्यवसाय प्रवर्द्धन तथा वजार विकास निर्देशनालय र पोष्ट हार्भेष्ट व्यवस्थापन निर्देशनालयसंग आवश्यकता अनुसारको समन्वयमा सम्वन्धित परियोजना कार्यान्वयन इकाइ (PIU) ले गर्नेछ ।

घ) सम्वन्धित व्लकसंचालक समितिले यस्तो पोष्ट हार्भेष्ट सेन्टर संचालन गर्न चाहेमा सोही समितिमार्फत वा सो समिति यस किसिमको सेवा उपलव्ध गराउन विभिन्न कारणले अनिच्छुक देखिएमा उक्त सेवा संचालन गर्न इच्छुक अन्य कृषक कृषक समुह, कानुन बमोजिम दर्ता भएका कृषि उद्यम, फर्म, कृषि कार्यमा संलग्न सहकारी, जल उपभोक्ता समिति वा नीजि सेवा प्रदायकलाइ सम्वन्धित व्लकलाइ प्राथमिकतामा राख्दै अन्य क्षेत्रमा समेत सहुलियत दरमा सो सेवा उपलव्ध गराउने गरी यस वापतको अनुदान उपलव्ध गराइनेछ।

ङ) यस सेन्टर संचालन गरेवापतको पूंजीगत अनुदान सम्वन्धित व्लक संचालक समिति वा उपरोक्तानुसार सो सेवा संचालन गर्ने कृषक समुह, कानुन बमोजिम दर्ता भएका कृषि उद्यम, फर्म, कृषि कार्यमा संलग्न सहकारी, जल उपभोक्ता समिति वा नीजि सेवा प्रदायकको बैंक खातामा प्रचलित आर्थिक ऐन नियम वमोजिम उपलव्ध गराइनेछ ।

च) यसरी **पोष्ट हार्भेष्ट सेन्टर** स्थापना तथा सञ्चालन गर्न चाहने निकाय/संस्था र सम्बन्धित जिल्ला कृषि विकास कार्यालयहरुविच सम्झौता गरी सोही वमोजिम कार्यान्वयन गरिने छ ।

छ) यसरी स्थापना हुने **पोष्ट हार्भेष्ट सेन्टर**हरुले सम्बन्धित व्लकमा आवद्ध कृषकहरुका अलावा आसपासका क्षेत्रका कृषकहरुलाई समेत सम्झौतामा उल्लेख भएको शर्त वमोजिम सेवा प्रवाह गर्नुपर्नेछ ।

## ६.६नर्सरी पूर्वाधार विकास सहयोग

क) स्वस्थ तथा गुणस्तरीय विरुवा उत्पादनका लागि सरकारी-नीजि-सहकारी/समुहको साझेदारीमा व्लक क्षेत्रमा उच्च प्रविधियुक्त नर्सरी स्थापना गरिनेछ ।यसका साथै नर्सरी स्थापना गर्न आवश्यक पर्ने सेड हाउस, स्क्रिन हाउस, ग्रीन हाउस लगायतका पूर्वाधारहरु स्थापनामा समेत अनुदान उपलब्ध गराइनेछ । यसका लागि परियोजना दस्तावेजमा उल्लेख भए वमोजिमको बढीमा ८५ प्रतिशत अनुदान उपलव्ध गराइनेछ ।

ख) यस्तो नर्सरीतथा नर्सरी पूर्वाधार स्थापनाका लागि सम्वन्धित ब्लक संचालक समिति वा सम्वन्धित कृषक उद्यमीले आवश्यक जग्गा उपलव्ध गराउनु पर्नेछ ।

ग) सम्वन्धित व्लकका लागि आवश्यक तरकारी तथा फलफूल नर्सरीको विस्तृत डिजाइन र लागत इष्टिमेट आवश्यकता अनुसार सम्बन्धित निर्देशनालयको सहयोग र समन्वयमा सम्वन्धित परियोजना कार्यान्वयन इकाइ (PIU) ले गर्नेछ ।

घ) सम्वन्धित व्लक संचालक समितिले यस्तो नर्सरी स्थापना गर्न चाहेमा सोही समितिमार्फत वा सो समिति यस किसिमको सेवा उपलव्ध गराउन विभिन्न कारणले अनिच्छुक देखिएमा उक्त सेवा संचालन गर्न इच्छुक अन्य कृषक,कृषक समुह, कानुन बमोजिम दर्ता भएका कृषि उद्यम, फर्म, कृषि कार्यमा संलग्न सहकारी, जल उपभोक्ता समितिवा नीजि सेवा प्रदायकलाई सम्वन्धित व्लकलाइ प्राथमिकतामा राख्दै अन्य क्षेत्रमा समेत सहुलियत दरमा विरुवा उपलव्ध गराउने गरी त्यस्ता कृषक समुह, कानुन बमोजिम दर्ता भएका कृषि उद्यम, फर्म, कृषि कार्यमा संलग्न सहकारी, जल उपभोक्ता समितिवा नीजि सेवा प्रदायकलाइ यस वापतको अनुदान उपलव्ध गराइनेछ।

ङ) यसरी **नर्सरी तथा नर्सरी पूर्वाधार** स्थापना तथा सञ्चालन गर्न चाहने निकाय/संस्था र सम्बन्धित जिल्ला कृषि विकास कार्यालयहरुविच सम्झौता गरी सोही बमोजिम कार्यान्वयन गरिने छ ।

च) यसरी स्थापना हुने **नर्सरी** तथा **नर्सरी पूर्वाधारहरुले** सम्बन्धित व्लकमा आवद्ध कृषकहरुका अलावा आसपासका क्षेत्रका कृषकहरुलाई समेत सम्झौतामा उल्लेख भएको शर्त वमोजिम सेवा प्रवाह गर्नुपर्नेछ ।

**६.७ साना सिंचाइ निर्माण तथा मर्मत सम्भार सहयोग**

क) साना सिंचाइ निर्माण तथा मर्मत सुधार सम्बन्धित व्लक संचालक समितिले निर्णय गरे बमोजिमका स्थानमासम्बन्धित व्लक संचालक समिति वा समितिले तोकेको समूह/सहकारी र सम्बन्धित जिल्ला कृषि विकास कार्यालयबिच सम्झौता गरी कार्यान्वयन गरिनेछ । यस्ता पूर्वाधारहरु निर्माण गर्दा परियोजना दस्तावेजमा उल्लेख भए वमोजिमको बढीमा ८५ प्रतिशत अनुदान उपलब्ध गराइनेछ ।

ख) मझौला तथा ठूला सिंचाइ निर्माण तथा मर्मत सम्भारका लागि सिंचाइ मन्त्रालयको समन्वयमा संचालन गरिनेछ ।

**६.८ मत्स्य पोखरी निर्माण तथा ह्याचरी स्थापना सहयोग कार्यक्रम**

क) भौगोलिक क्षेत्र अनुसार उपयुक्त मत्स्य पोखरी तथा ह्याचरी निर्माण सम्बन्धित व्लक संचालक समिति मार्फत गरिने छ । साथै प्रत्येक व्लक क्षेत्रमा कम्तिमा एक वटा सिंचाई प्रयोजन र एकिकृत मत्स्य पालन र प्रविधी प्रदर्शन सहितको आधुनिक नमूना मत्स्य पोखरी निर्माण गरिनेछ ।

ख) यस समितिले मत्स्य ह्याचरी स्थापना गर्न विभिन्न कारणले अनिच्छुक देखिएमा उक्तकार्य गर्न इच्छुक अन्य कृषक, कृषक समुह, कानुन बमोजिम दर्ता भएका कृषि उद्यम, फर्म, कृषि कार्यमा संलग्न सहकारी, जल उपभोक्ता समितिवा नीजि सेवा प्रदायकलाई सम्वन्धित व्लकलाइ प्राथमिकतामा राख्दै अन्य क्षेत्रमा समेत सहुलियत दरमा मत्स्य भूरा उपलव्ध गराउने शर्तमा त्यस्ता कृषक समुह, कानुन बमोजिम दर्ता भएका कृषि उद्यम, फर्म, कृषि कार्यमा संलग्न सहकारी, जल उपभोक्ता समितिवा नीजि सेवा प्रदायकलाइ यस वापतको अनुदान उपलव्ध गराउन सकिने छ ।

ग) मत्स्य पोखरी निर्माण तथा ह्याचरी स्थापनाका लागि आवश्यकता अनुसार सम्बन्धित निर्देशनालयको प्राविधिक सहयोग र समन्वयमा सम्वन्धित जिल्ला कृषि विकास कार्यालयले मत्स्य पोखरी निर्माण तथा ह्यचारी स्थापना सहयोग संचालन गरिनेछ ।

घ) मत्स्य पोखरी र ह्याचरी निर्माण गर्दा विद्यमान व्यवस्था वमोजिमको अनुदान सहयोग उपलब्ध गराईनेछ ।

ङ) साथै आवश्यकता र संभाव्यताका आधारमा साना संरक्षण करेशा पोखरी (Conservation Kitchen Pond) हरु निर्माण गर्न ५० प्रतिशत सम्म अनुदान सहयोग प्रदान गर्न सकिनेछ ।

च) यसरी मत्स्य पोखरी निर्माण तथा ह्याचरी स्थापना तथा सञ्चालन गर्न चाहने निकाय र सम्बन्धित जिल्ला कृषि विकास कार्यालयहरुविच सम्झौता गरी सोही वमोजिम कार्यान्वयन गरिने छ ।

छ) यसरी स्थापना हुने मत्स्य ह्याचरीहरुले सम्बन्धित व्लकमा आवद्ध कृषकहरुका अलावा आसपासका क्षेत्रका कृषकहरुलाई समेत सम्झौतामा उल्लेख भएको शर्त वमोजिम सेवा प्रवाह गर्नुपर्नेछ ।

ज) व्लक संचालन हुने क्षेत्रमा परियोजना लागु हुनभन्दा अगावै संचालनमा रहेका मत्स्य ह्याचरीहरुको सुदृढीकरणमा समेत यस किसिमको अनुदान सहयोग उपलब्ध गराउन सकिनेछ ।

## ६.९ स्थानीय श्रोत व्यक्ती परिचालन

क) सामाजिक परिचालन मार्फत परियोजनाको प्रभावकारी कार्यान्वियनमा सहजिकरण गर्नका साथै ब्लक संचालक समिति र जिल्ला कृषि विकास कार्यालयविच समन्वय कायम गर्न सम्बन्धित ब्लक क्षेत्रमा आवश्यकता अनुसारका संख्यामा स्थानीय श्रोत व्यक्ती नियुक्त गरी परिचालन गर्न सकिने छ ।

ख) यसको लागि सम्बन्धित जिल्ला कृषि विकास कार्यालयले नियमानुसार आवेदन माग गरी सम्झौतामा उल्लेख गरीए वमोजिमका कार्यहरु संचालन गर्नको लागि स्वीकृत बार्षिक वजेटको अधिनमा रही सेवा सुविधा प्रदान गर्ने गरी स्थानीय श्रोत व्यक्ती परिचालन गर्न सक्नेछ ।

ग) स्थानीय श्रोत व्यक्तीको लागि आवेदन दिने उमेदवारहरुले देहायका मापदण्ड पुरा गरेको हुनुपर्नेछ ।

- ब्लक क्षेत्र अन्तरगत रहेका गा.वि.स./न.पा. भित्र उपलब्ध भएसम्म स्थाई बसोबास भएको।
- नेपाली नागरिक
- अन्य कुनै संघ संस्थामा रोजगार नभएको र भएमा उक्त रोजगारी परित्याग गर्न तयार भएको ।
- नौ कक्षा उत्तिर्ण भएको ।
- दलित, आदिवासी जनजाती, मधेसी, मुस्लिम, पिछडिएको वर्ग र विवाहित महिलालाई प्राथमिकता दिईने ।
- सामाजिक परिचालकको रुपमा काम गर्न ईच्छुक
- परियोजनाका सेवाग्राही तथा सरोकारवाला विच सेवा आदान प्रदान गर्न सक्ने क्षमता भएको
- स्थानीय स्तरमा बोलिने भाषा बोल्न र लेख्न सक्नेलाई प्राथमिकता दिइने
- उन्नत कृषि प्रविधि सम्बन्धि ज्ञान भएको साथै सामाजिक परिचालको रुपमा कार्य गरेका अनुभवीलाई प्राथमिकता दिईने
- ग्रामिण कृषि कार्यकर्ता तालिम प्राप्त गरेकालाई विशेष प्राथमिकता दिइने ।
- उमेर १८ वर्ष उमेर पुरा भएको
- स्वयंम सेवा प्रकृतिको कार्य भएको हुनाले कार्यालयबाट उपलब्ध गराईने मासिक पारिश्रमिक बापतको रकममा काम गर्न ईच्छुक

घ) स्थानीय श्रोत व्यक्तीको TOR देहाय वमोजिमको हुनेछ -

- सम्बन्धित ब्लकमा संचालन हुने कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयनका लागि सहजिकरण गर्ने ।
- कार्यक्षेत्रमा रही कृषि सम्बन्धी तथ्यांकहरु तथा कम्पाइल गर्न सहजिकरण गर्ने ।
- कृषकहरुका आवश्यकता/समस्याहरु संकलन तथा कम्पाइल गरी विज्ञसमक्ष परामर्श गरी समाधान गर्न सहजिकरण गर्ने।
- सम्बन्धित जिल्ला कृषि विकास कार्यालयको मातहतमा रही अन्य तोकिएका कार्यहरु गर्ने ।

### ६.१० अन्य कार्यक्रमहरु संचालन र सहजिकरण

क) यस खण्डको माथि उल्लेखित दफाहरुमा उल्लेख भएका कार्यक्रमहरुका अलावा परियोजना दस्तावेजको मर्म अनुरुपका र सम्बन्धित ब्लकसंचालक समितिको माग वमोजिमका अन्य चालु तथा

पूँजिगत खर्च अन्तर्गतका कार्यक्रमहरु समेत आवश्यकता अनुसार संचालन गर्न सकिनेछ । जमिन बाँझो राख्ने प्रवृत्तीलाई निरुत्साहित गर्न प्रोत्साहन गर्ने किसिमका कार्यक्रमहरु तर्जुमा गरी संचालन गरिने छ । उक्त कार्यक्रमहरु संचालनको लागि नेपाल सरकारको तर्फवाट देहाय वमोजिमको अनुदान सहयोग उपलब्ध हुनेछ ।

| सि. नं | विवरण | सहजिकरण (Facilitation) |
|---|---|---|
| १ | कृषि उत्पादन सामग्रीहरु (वीउ, वेर्ना, विरुवा, माछा भुरा लगायत) | ५० प्रतिशत |
| २ | प्राविधिक सहयोग | १०० प्रतिशत |
| ३ | प्रयोगशाला सेवाहरु | ८५ प्रतिशत |
| ४ | कृषि औजार तथा उपकरणहरु | ५० प्रतिशत |
| ५ | साना सिंचाइ पूर्वाधारहरु | ८५ प्रतिशत |
| ६ | उत्पादनोपरान्त तथा कृषि व्यवसाय सेवा पूर्वाधारहरु | ८५ प्रतिशत |
| केही अत्यावश्यक उत्पादन सामग्रीहरुको व्यवस्थापनका लागि निर्देशक समितिको निर्णयानुसार थपसहजिकरणका विषयहरु निर्णय हुन सक्नेछन् । | | |

ख) परियोजना दस्तावेजमा स्वेच्छिक रुपमा जमिनको एकिकरण गर्ने अवधारणा अवलम्बन गरिएको सन्दर्भमा बार्षिक वजेट तथा कार्यक्रममा उल्लेख गरी जमिनको एकिकरणको लागि उत्प्रेरित गर्न अनुदानको व्यवस्था गरिनेछ ।

## खण्ड ७. कार्यक्रम अनुगमन/प्रतिवेदन

७.१ जिल्लाभित्र रहेका ब्लक क्षेत्रहरुमा संचालित कार्यक्रमको अनुगमन सम्वन्धित जिल्ला कृषि विकास कार्यालय तथा जिल्ला कृषि विकास समितिले गर्नेछ ।

७.२ विषयगत निर्देशनालयहरुले आ-आफ्नो कार्यक्षेत्र भित्रका बाली/वस्तुका ब्लकहरुको र सम्वन्धित क्षेत्रीय कृषि निर्देशनालयहरुले आवश्यकता अनुसार क्षेत्रीयस्तरका प्रयोगशाला र फार्मकेन्द्रहरुलाई समेत संलग्न गराई अन्तरगतका जिल्लाहरुमा स्थापना भएका ब्लकहरुको अनुगमन निरिक्षण गरी पृष्टपोषणसहित कृषि विभाग मार्फत परियोजना व्यवस्थापन इकाईमा प्रतिवेदन/सुझाव दिनेछन् ।

७.३ मासिक, चौमासिक र बार्षिक रुपमा तोकिएको फर्मेट वमोजिमको ब्लक क्षेत्रहरुमा संचालित कार्यक्रमहरुको प्रगति विवरण सम्वन्धित जिल्ला कृषि विकास कार्यालयले परियोजना व्यवस्थापन इकाई

समक्ष पेश गर्नेछ । यसको जानकारी सम्बन्धित क्षेत्रीय कृषि निर्देशनालय र सम्बन्धित कार्यक्रम निर्देशनालयहरुमा उपलब्ध गराउनु पर्नेछ । सम्बन्धित क्षेत्रीय कृषि निर्देशनालयहरुले उक्त निकायहरुको प्रगती कम्पायल गरी कृषि विभागमा उपलब्ध गराउनेछ । चौमासिक र वार्षिक रुपमा ब्लक विकास कार्यक्रमको क्षेत्रीय र राष्ट्रियस्तरमा समिक्षा गरिनेछ ।

## खण्ड ८. विविध

८.१ यस कार्यविधीमा उल्लेख भएका वाहेकअन्य कुराहरु विद्यमान नर्मस, कार्यविधी, निर्देशिका, र प्रचलित नियम कानून बमोजिम हुनेछ ।

८.२ आगामी वर्षहरुमा थप हुने ब्लक क्षेत्रको संख्या र ब्लकमा रहने बाली/वस्तु सम्वन्धी अन्य विषयवस्तुहरु सम्वन्धित जिल्ला कृषि विकास कार्यालयको सिफारिशमा परियोजना कार्यान्वयनसमितिको निर्णय बमोजिम हुनेछ ।